# एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यढाँचा , २०७९

स्वीकृत मिति २०७८ /०५/१०

पहिलो संशोधन स्वीकृत मिति २०७९/०४/०४

**१. प्रस्तावना**: राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ निर्देशित गरे अनुसार उद्यमशीलता मार्फत् सार्वजनिक शिक्षाको सबलीकरणका लागि शिक्षण संस्था मार्फत् "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यढाँचा बनाईएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यढाँचाको नाम एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यढाँचा , २०७९ रहेको छ ।

२) यो कार्यढाँचा परिषद्का कार्यकारी उपाध्यक्षले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यढाँचामा –

क) एक शिक्षण संस्था उद्यम कार्यक्रम " भन्नाले राष्ट्रिय युवा परिषद्द्वारा विद्यालयमा उद्यम सञ्चालन गर्न इच्छुक सामुदायिक माध्यमिक बिद्यालयहरुमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

ख) "परिषद्" भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनु पर्दछ ।

ग) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय युवा परिषद्को कार्यकारी समिति सम्झनु पर्दछ ।

घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्दछ ।

ङ) "शिक्षण संस्था" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्था सम्झनु पर्दछ

च) "बिद्यार्थी उद्यमी क्लब" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

छ) "उद्यम कोष" भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

ज) "उद्यम कोष सञ्चालक समिति" भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ।

झ) “संरक्षक समिति” भन्नाले एक शिक्षण संस्था एकउद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

ञ) “साझेदार संस्था” भन्नाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

ट) “पूर्व विद्यार्थी मञ्च” भन्नाले विगतमा सम्बन्धित शिक्षण संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

ठ) “विज्ञ” भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ ।

ड) “विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले ” विद्यार्थीको शिक्षण उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

ढ) “प्राविधिक तथा व्यावसायिक धार भन्नाले ” विद्यालय तहमा (कक्षा ९-१२ )प्राविधिक तथा व्यावसायिक शिक्षा लागु भएका विद्यालय सम्झनु पर्छ ।

ण) “सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा भन्नाले ” प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट स्वीकृति लिई सञ्चालन भएका सामुदायिक माध्यमिक विद्यालय सम्झनु पर्छ ।

त) “नमूना विद्यालय भन्नाले ” शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट नमुना विकासका लागि छनौट गरेका विद्यालय सम्झनु पर्छ ।

**<u>४. उद्देश्यः</u>**

क) शिक्षण संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

ख) शिक्षण संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा बिकास गर्ने ।

ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शिक्षण रुपान्तरण गर्ने ।

घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

**<u>५. लक्षित शिक्षण संस्थाः</u>** देशभरिका उद्यम सञ्चालन गर्न इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शिक्षण संस्था हुनेछन्।

**<u>६. उद्यम क्षेत्र :</u>** शिक्षण संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन्।

क) कृषि तथा पशुपन्छिमा आधारित उद्यम व्यवसाय,

ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

घ) पर्यटन प्रवद्र्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

च) कलामा आधारित उद्यम व्यवसाय,

छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय ।

**७. बिद्यार्थी उद्यमी क्लब:**१) शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ ।

२) बिद्यार्थी उद्यमी क्लबको काम, कर्तव्य अधिकार देहाए बमोजिम हुनेछ ।

क) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्ने ।

ख) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य,समन्वय, साझेदारी गर्ने

ग) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने ।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने ।

ङ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने ।

च) कम्तीमा बर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने।

छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशीलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८.उद्यम कोषको सञ्चालन:** १) एक शिक्षण संस्था एक उद्यम कार्यक्रम लागू भएका शिक्षण संस्थामा उद्यम सञ्चालनका लागि स्थापित उद्यम कोष रहनेछ र उक्त कोषमा विद्यालयको तर्फबाट कम्तीमा रु एक लाख राख्नुपर्नेछ। उक्त कोष सञ्चालन गर्नको लागि देहायबमोजिम उद्यम कोष सञ्चालक समिति रहनेछ।

क) विद्यालयको प्रध्यानाध्यापक - अध्यक्ष

ख) विद्यार्थी उद्यमी क्लवको अध्यक्ष - सदस्य

ग) विद्यालयको लेखा हेर्ने कर्मचारी - सदस्य सचिव

२) उद्यम कोष सञ्चालक समितिको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछ ।

क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।

ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।

ग) उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।

घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।

ङ) अन्य आवश्यक कामहरु गर्ने गराउने ।

३) उद्यम कोषमा देहाय बमोजिमको रकम जम्मा गर्नुपर्नेछ ।

क) शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम

ख) प्रदेश सरकारबाट प्राप्त अनुदान

ग) उद्यमबाट प्राप्त आम्दानी

घ) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम

ङ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम

च) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम

४) उद्यम कोषबाट देहायनुसार खर्च गर्न सकिनेछ ।उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ ।उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

**<u>९. संरक्षक समितिको गठनः</u>** (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहाय बमोजिम एक संरक्षक समिति रहनेछः

क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अध्यक्ष

ख) विद्यालय रहेको वडाको वडाध्यक्ष सदस्य

ग) विद्यालयको प्रध्यानाध्यापक सदस्य सचिव

२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने

ख) एक शिक्षण सस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने।

ग) विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण , क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने।

घ) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

<u>**१०. शिक्षण संस्था छनौटका आधारहरू**</u> (१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा उद्यम गर्न इच्छुक शिक्षण संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएको छ ।

| क स | छनौटका आधारहरु | बढीमा १०० अंक |
|---|---|---|
| १ | व्यावसायिक योजना | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १० |
| ३ | उद्यमी विद्यार्थी क्लवको गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ५ | सम्बन्धित पालिकाको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार(पानी,विजुली जग्गा) | २० |
| ८ | माध्यमिक तहको विद्यार्थी संख्या (९-१२) | १० |

१. विद्यालयको आफ्नै प्रयासमा उद्यम स्थापना गरेको र उत्पादनमूलक उद्यम संञ्चालन गर्ने सामुदायिक माध्यमिक विद्यालयलाइ विशेष प्राथमिकता दिईने छ ।

<u>**११.सूचना प्रकाशनः**</u> (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय युवा परिषद्बाट इच्छुक शिक्षण संस्थाहरुको जानकारीका लागि ३० दिने सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको ढाँचामा व्यावसायिक योजना पेश गर्नुपर्नेछ ।

३) शिक्षण संस्था छनौट समितिः राष्ट्रिय युवा परिषद्मा प्राप्त भएका प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्न देहाय बमोजिमको शिक्षण संस्था छनौट समिति रहनेछ ।

क) प्रशासकीय प्रमुख,राष्ट्रिय युवा परिषद् - अध्यक्ष

ख) उपसचिव,युवा तथा खेलकुद मन्त्रालय -सदस्य

ग) उपसचिव,शिक्षा तथा मानव श्रोत विकास केन्द्र–सदस्य

घ) उपसचिव प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् - सदस्य

ङ) शाखा प्रमुख,युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा, राष्ट्रिय युवा परिषद्–सदस्य सचिव

४) शिक्षण संस्था छनौट समितिले आवश्यकतानुसार बढीमा २ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

(५) शिक्षण संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि र छनौट सम्बन्धी आवश्यक मापदण्ड सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६) शिक्षण संस्था छनौट समितिले प्राप्त उद्यम प्रस्ताव उपर छानविन तथा आवश्यकतानुसार विद्यालयहरुको स्थलगत अनुगमन समेत गर्न सक्नेछ ।

**<u>१२. उद्यम सम्झौताः</u>** (१) शिक्षण संस्था छनौट समितिबाट छनौट भएका शिक्षण संस्था र परिषद्बीच अनुसूची ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता गरिनेछ ।

२) सम्झौताको तीन प्रति हुनेछ । एक प्रति सम्बन्धित शिक्षण संस्थालाई, एक प्रति सम्बन्धित पालिकामा, एक प्रति परिषद्मा राखुपर्नेछ ।

**<u>१३. प्रतिवेदनः</u>** (१) शिक्षण संस्थाले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र परिषद्मार पेश गर्नु पर्नेछ । त्यसपछि बार्षिक रुपमा वित्तीय र भौतिक प्रगति पठाउनु पर्नेछ ।

**<u>१४. लेखा परीक्षणः</u>** (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा र छुट्टै राखु पर्नेछ ।

२) उद्यमको आर्थिक कारोवारको लेखापरीक्षण शिक्षण संस्थाले सूचिकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ ।

३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित शिक्षण संस्थाको हुनेछ ।

**१५. अनुगमन तथा मूल्याङ्कनः** (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको अनुगमन सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तहबाट समेत गरिनेछ। यसको अभिलेख विद्यार्थी उद्यमी क्लबले राखुपर्नेछ ।

(२) आवश्यकता अनुसार प्रदेश सरकार र केन्द्रिय निकाय तथा सरोकारवाला पक्षबाट पनि कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन निरीक्षण र अध्ययन समेत गरी पृष्ठपोषण तथा सुझावहरू लिन सक्ने छ ।

**१६. पुरस्कारः** परिषद्ले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हाँसिल गर्ने शिक्षण संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ।

क) अधिकतम रोजगार सिर्जनाको अवस्था,

ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग,

ग) निर्यातमा वृद्धि र आयात प्रतिस्थापनमा पुर्‍याएको योगदान,

घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर,

ङ) उद्यम मार्फत् नवप्रवर्तन तथा उद्यमशीलता विकास,

च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

छ) उद्यम कोषमा भएको बृद्धिको अवस्था,

ज) कार्ययोजना अनुसार कार्य सम्पादन।

१७. दण्ड सजायः (१) एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शिक्षण संस्थाले प्रस्ताव गरिए वमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शिक्षण संस्थालाई परिषद्बाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागि गराईने छैन ।

२) शिक्षण संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा परिषद्बाट दिइएको वजेट हिनामिना गरेमा उक्त शिक्षण संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

१८. विविधः यस कार्यढाँचा बमोजिम एक शिक्षण संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

१९. निर्देशनको पालनाः संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

२०. कार्यढाँचा संसोधन गर्न सक्नेः आवश्यकता अनुसार कार्यकारी उपाध्यक्षबाट कार्यढाँचा संशोधन गर्न सकिनेछ ।

२१. वाधा अड्काउ फुकाउने : यो कार्यक्रम कार्यान्वयनमा कुनै बाधा आइपरेमा परिषद्को कार्यकारी उपाध्यक्षबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

अनुसूची १

(दफा ११ को उपदफा २ संग सम्बन्धित )

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूको लागि निवेदनको ढाँचा

श्रीमान् प्रशासकिय प्रमुख ज्यू

राष्ट्रिय युवा परिषद् ,सानोठिमी भक्तपुर ।

महोदय,

त्यस परिषद्बाट मिति .................... मा प्रकाशित सूचना अनुसार हाम्रो विद्यालयमा "एक शिक्षण संस्था एक उद्यम कार्यक्रम" सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगानाः
२. प्राविधिक तथा व्यावसायिक धार/शिक्षा भए विषय र नमुना विकासको लागि छनौट भएको भए छनौट भएको मिति:
३. प्रधानाध्यापकको नाम र सम्पर्क नं:
४. उद्यमी विद्यार्थी क्लबका अध्यक्षको नाम र सम्पर्क नं:
५. उद्यम गर्न चाहेको विषय क्षेत्र :
६. कक्षागत विद्यार्थी विवरण (कक्षा ९-१२):
७. जग्गा सम्बन्धी विवरणः
    क. विद्यालयको नाममा रहेकोः

ख. विद्यालयको हकभोग प्राप्तः

ग. वर्तमानमा उपयोगको अवस्थाः

घ. भौतिक पूर्वाधार सम्बन्धी विवरणः

क. कक्षाकोठा संख्याः

ख. कक्षाकोठा उपयोगको अवस्थाः

ग. प्रयोगशालाको अवस्थाः

घ. पानी विजुलीको उपलब्धता

ङ. उपलब्ध अन्य साधन स्रोतको विवरणः

च. उद्यम कोष सम्बन्धी विवरणः

क. कोष रहेको बैंकको नामः ग. खाता नं :

ख. कोष सञ्चालकहरूको नामः

हस्ताक्षर हस्ताक्षर

उद्यमी विद्यार्थी क्लब अध्यक्षको नामः प्रधानाध्यापकको नामः

मितिः मितिः

नोटः व्यावसायिक योजना अलग्गै पेश गर्नु पर्नेछ ।

अनुसूची २

(दफा ११ को उपदफा २ संग सम्बन्धित )

## व्यावसायिक योजनाको नमुना ढाँचा

| क्र. स. | विवरण | विवरणको विस्तृतीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लवको नामः ............................<br>उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम , पृष्ठभूमि) .............................<br>उद्यमको उद्देश्य .............................<br>उद्यमको क्षेत्र .........................<br>उद्यमबाट उत्पादन हुने बस्तुको नाम..................... |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश ............................. जिल्ला.....................<br>गापा/नपा.......... वडा नं. .......... टोल.............. |
| ३ | उत्पादन लक्ष्य | बार्षिक/ मासिक ............................................<br>लट/ सिजनल ............................................ |
| ४ | उद्यममा संलग्न हुने अनुमानित जनशक्ति | छात्र ............................................<br>छात्रा ............................................<br>अन्य ............................................ |
| ५ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम ..................................................<br>स्रोत (स्थानीय वा वाह्य) ....................................... |
| ६ | प्रयोग हुने मेसिनरी औजारको विवरण | नाम .....................................<br>स्रोत ................................. (वाह्य/स्थानीय) |
| ७ | उद्यमका लागि अनुमानित लागत | कूल रु ...............................<br>आफ्नो लगानी ............................<br>बाह्य लगानी .................. |

| | | |
|---|---|---|
| ८ | उत्पादित वस्तुको बजार क्षेत्र | बजारको नाम ..............................<br>(दुरी ......................................<br>ढुवानी खर्च ..................................<br>लक्षित ग्राहकहरू ............................<br>प्रतिस्पर्धाको अवस्था ......................<br>बजार विकासको सम्भावना ............................... |
| ९ | व्यवसायबाट हुने अनुमानित आम्दानी | जम्मा वार्षिक अनुमानित आम्दानी रु ................................<br>जम्मा अनुमानित वार्षिक खर्च ................................................<br>वार्षिक अनुमानित नाफा रु ...................................... |
| १० | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लव बाहेक) | छात्र ..................................<br>छात्रा ..........................................<br>अन्य ..............................................<br>जम्मा ................................................ |
| ११ | उद्यम सञ्चालन गर्न आवश्यक जनशक्तिको उपलब्धता | उपलब्ध रहेको ................................<br>बाहिरबाट ल्याउनुपर्ने ........................................ |
| १२ | अन्य (प्रविधिको प्रयोग, .... ) | .......... |

नोटः यो व्यवसायिक योजनाको एउटा नमुना हो । उल्लेखित विवरणहरु नछुटाई थप विस्तृत विवरणहरु समावेश गरी सृजनात्मक रुपमा व्यवसायिक योजना बनाउन सकिनेछ ।

अनुसूची ३

(दफा १२ को उपदफा १ संग सम्बन्धित )

एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन सम्बन्धमा राष्ट्रिय युवा परिषद्
विद्यालय बीच भएको सम्झौता

यस सम्बन्धमा राष्ट्रिय युवा परिषद् , सानोठिमी, भक्तपुर (यसपछि प्रथम पक्ष भनिनेछ ) र ................................................. (यसपछि दोस्रो पक्ष भनिनेछ) का बिच एक शिक्षण संस्था एक उद्यम शसर्त कार्यक्रम सञ्चालन सम्बन्धमा देहाय बमोजिमको सम्झौता गरियो ।

१. दोस्रो पक्षले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न उद्यम कोषमा रु १,००००/- ( अक्षेरुपी एक लाख मात्र ) जम्मा गरेको प्रमाण पेश गरेपछि प्रथम पक्षले विउ पुँजी स्वरुप रु. ६,००,०००/- (अक्षेरुपी छ लाख मात्र ) रकम विद्यालयको खातामा पठाइनेछ र दोस्रो पक्षले एक हप्ता भित्र उद्यम कोषको बैंक खातामा जम्मा गरी भौचरको प्रतिलिपी प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

२. प्रथम पक्षबाट बिउ पुँजी स्वरुप प्राप्त रकम दोश्रो पक्षले उद्यम सञ्चालनको लागि पूर्वाधार निर्माण, सामग्री खरिद तथा उद्यम सञ्चालनमा खर्च गर्न सक्नेछ ।

३. दोश्रो पक्षले एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यढाँचा , २०७८ बमोजिम परिषद्मा पेश गरेको प्रस्ताव अनुसारको उद्यम कार्यक्रमको कार्ययोजना बनाई उद्यम सञ्चालन गर्नु पर्नेछ ।

४. प्रथम पक्षले उपलब्ध गराएको विउ पुँजी अन्य कार्यमा खर्च गर्न पाईने छैन तर उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

५. दोस्रो पक्षले उद्यम सञ्चालनको क्रममा संघिय , प्रदेश तथा स्थानीय सरकारका नियम कानून र मापदण्डहरुको पालना गर्नुपर्नेछ।

६. दोस्रो पक्षले उद्यम सञ्चालन तथा विस्तार गर्न आवश्यक पर्ने रकम अभिभावक, पुर्व विद्यार्थी मञ्च तथा अन्य निकायहरु संग सहकार्य समन्वय गरी जुटाउनु पर्नेछ।

७. उद्यम कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानुन बमोजिम खर्च गर्ने , लेखा राख्ने, लेखा परीक्षण गराउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ र एक प्रति लेखा परीक्षण प्रतिवेदन प्रथम पक्षलाइ उपलब्ध गराउनु पर्नेछ ।

८. दोश्रो पक्षले कम्तीमा बर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्नुपर्नेछ ।

९. दोश्रो पक्षले एक शिक्षण संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्नुपर्नेछ र चौमासिक रुपमा प्रगति विवरण प्रथम पक्षलाई पठाउनुपर्नेछ ।

१०. प्रथम पक्ष तथा अन्य सरोकारवाला निकायबाट उद्यमको स्थलगत अनुगमन तथा निरीक्षण गरी दिइएका सुझाव, निर्देशन पालना गर्नुपर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

| **प्रथम पक्ष को तर्फबाट हस्ताक्षर (राष्ट्रिय युवा परिषद्)** | **दोस्रो पक्षको तर्फबाट हस्ताक्षर विद्यालय/उद्यमी क्लव** |
|---|---|
| हस्ताक्षरः<br>नामथरः<br>पद : | हस्ताक्षरः<br>नामथर :<br>पद |
| रोहबर | |
| प्रथम पक्षको तर्फबाटः | दोस्रो पक्ष विद्यार्थी उद्यमी क्लवको तर्फबाटः |
| हस्ताक्षरः<br>नामथरः<br>पदः | हस्ताक्षरः<br>विद्यार्थीको नामथर :<br>पद |
| कार्यालयको छाप | |
| प्रथम पक्षः | दोस्रो पक्षः |

इति सम्वत् २०७९ साल असार ३ गते रोज ६ शुभम् ।